# १३ मुक्ति

*__यस अध्यायका मूल पदहरू:__* प्रकाश २०:१-३, यर्मिया ४:२३-२६, १ कोरन्थी ४:५, प्रकाश २०:७-१५, फिलिप्पी २:९-११, २ पत्रुस ३:१०।

*__यस अध्यायको मूल पद:__* "उहाँले (परमेश्वर) तिनीहरूको आँखाबाट प्रत्येक थोपा आँशु पुछि दिनुहुनेछ। त्यहाँ मृत्यु र दिगदारीपना हुनेछैन। पिडा र रुवावासी त्यहाँ हुनेछैन। पहिलाको जस्तो स्थिति अब त्यहाँ कहिलै पनि हुनेछैन।" (प्रकाश २१:४ रूपान्तरित)।

कतिपय मानिहरूले बराबर सोध्छन् पाप तथा दुष्टता पहिलापटक किन देखा पऱ्यो? त्यसको सही जवाफ हो किन भने आत्मनिर्णयको स्वतन्त्रताले गर्दा पाप आएको हो। सही स्वतन्त्रता वा सही नैतिक स्वतन्त्रता कसैलाई दिनुछ भने त्यसमा जोखिम समाबेश भएको हुन्छ। यदि मानिसहरूलाई सही आत्मनिर्णय वा बिवेकको स्वतन्त्रता दिइने हो भने उसले गलत काम गर्न पनि स्वतन्त्र हुनुपर्छ।

त्यो तर्क त ठिकै लाग्छ, तर अर्को प्रश्नलाई कसरी जवाफ दिने त? जब सुरूमा नै शैतान वा आदव र हव्वालाई पाप गरेको कारण तिनीहरूलाई परमेश्वरले किन सिध्याउनुभएन? यदि सुरूमै परमेश्वरको बिरुद्धमा जाँदा ती बिरोधीहरूलाई नाश गर्नुभएको भए आज हामी भयानक परिणामहरू भोगिरहनुपर्ने थिएन होला।

हामीले हाम्रो मनमा राखेका ती बिभिन्न खुल्दुलीहरूको जवाफ खोज्नु भनेको नै ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बिवादको युद्धको मुटुमा प्रवेश गर्न खोज्नु हो। परमेश्वरले सारा जगतले हेर्न सकिने खालका खुला नीति तथा शासन पद्धति यस अध्यायमा सिक्नेछौं। हो, परमेश्वरका कतिपय काहरू र उहाँको बारेमा हाम्रो लागि रहस्यमय छ। तर ख्रीष्ट र शैतानसँग भइरहेको युद्धको समस्या उहाँले सुल्झाउनुहुनेछ। परमेश्वरको त्याग, येशूको बलि, उहाँको सदाशयता, हाम्रो हितको निम्ति उहाँले चलाईरहनुभएको कदम, उहाँको सही न्यायप्रणाली, प्रेम तथा माया र व्यवस्था अर्थात् दश आज्ञाहरूका बारेमा भएका सम्पूर्ण जिज्ञासाहरूलाई सदासर्वदाको निम्ति उहाँले जवाफ दिनुहुनेछ।

ती सबै जिज्ञासा अर्थात् प्रश्नहरूको जवाफ पाउन परमेश्वरले हामीलाई हजार वर्ष तोक्नुभएको छ। त्यसबेला को मानिस दुष्ट रहेछ र तिनीहरू किन परमेश्वरको राज्यको उपभोग गर्न पाएन भन्ने जवाफ खुलस्त रूपमा हामी पाउनेछौं। (अरू कतिपय जिज्ञासाहरूको बारेमा जान्न हामीलाई अनन्त समय तोकिएको छ)। जब येशू दोस्रो पल्ट आफ्नो महिमामा आउनुहुनेछ तब उद्धार पाएकाहरू ख्रीष्टसँग हजार वर्ष बिताउनेछ। अझ, त्यो भन्दा अझ गजको कुरो त तिनीहरूले परमेश्वरको न्यायमा सक्रिय रूपमा भाग लिन पाउनेछन्। त्यसकारण ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् संघर्षको अन्तिम चरणको निम्ति हामी अपेक्षा गरौं।

## १. शैतानलाई बाँध्ने बन्धन (प्रकाश २०:१-३)

प्रकाश २०:१-३मा के वर्णन गरिएको छ र त्यसबाट हामीलाई कस्तो आशा दिलाएको छ? हेर्नुहोस्: "१ त्यसपछि अतल कुण्डको साँचो र एउटा ठूलो साङ्लो हातमा लिएका एउटा स्वर्गदूत स्वर्गबाट ओर्लेर आएका मैले देखें। २ तिनले त्यो अजिङ्गर, त्यो प्राचीन सर्प, जो दियाबलस वा शैतान हो, त्यसलाई पक्रे, अनि एक हजार वर्षका निम्ति बाँधेर राखे। ३ तिनले त्यसलाई अतल कुण्डमा फालिदिए, र त्यो कुण्ड बन्द गरी मोहोर लगाइदिए, ताकि एक हजार वर्ष अन्त्य नभएसम्म जाति-जातिहरूलाई त्यसले बहकाउन नपाओस्। त्यसपछि केही समयको निम्ति त्यसलाई फुक्का गरिनुपर्छ।"

साङ्लाले बाँधिनु भन्ने शब्दचित्र वा धारणा बाइबलमा धेरै पटक प्रयोग गरिएको पाइन्छ। सरल तरिकाले भन्ने हो भने त्यसको अर्थ कसैलाई थुनामा राख्नु हो। शैतानको बन्धकमा रहेका धेरै मानिसहरूलाई येशूले उद्धार गर्नुभएको थियो। अझ अर्को सन्दर्भमा भन्ने हो भने दुष्टता वा खराब तत्वलाई बाँध्ने अधिकार परमेश्वरले चर्चलाई दिनुभएको थियो भनेर स्पष्ट पारेको छ। अर्थात् परमेश्वरको इस्साफ गर्ने थलोको संज्ञा चर्च भनेर तोकिएको छ।

जब कुनै खतरा अपराधीलाई पकडियो भने उसलाई सिक्रिले बाँधन जरुरी पर्छ र जेलमा हाल्नुपर्छ। तर कसैलाई बाँधियो भन्दैमा त्यो मानिस अपराधी हो भन्ने छैन किनभने बाइबलमा धेरै मानिसहरूलाई सिक्रिले बाँधेर झ्यालखानामा राखेका थिए जस्ले कुनै अपराध गरेका थिएनन्। राजाको दुष्ट कामको आलोचना गर्दा बसिस्मा दिने यूहन्नालाई सिक्रिले बाँधेर जेलमा हालेका थिए (मत्ती १४:३,४)। गेतसमनीको बगैंचामा येशूलाई पनि बाँधिएको थियो

(यूहन्ना १८:१२), उहाँको बारेमा मुद्दा चलाएको समयमा पनि उहाँलाई बाँधिएकै थियो (यूहन्ना १८:२४) र उहाँको मृत्युमा पनि उहाँलाई बाँधिएको थियो (यूहन्ना १९:४०)। पावललाई (प्रेरित २१:३३) र पत्रुसलाई (प्रेरित १२:६) पनि सिक्रिले बाँधेका थिए।

शैतानले बाँधेका मानिसहरूलाई येशूले मुखामुख जम्का भेट गर्नुभएको थियो। शैतानका आत्माहरूले भरिएको मानिसको हातमा र खुट्टामा बाँधिएको सिक्रिको टुक्राहरू थिए (मर्कूस ५:३,४)। त्यो अशुद्ध आत्माहरूले भरिएको मानिस भित्र शैतानका दुतहरू पसेर उसको अन्तरआत्मालाई बाँधेको थिए। येशूले त्यस मानिसलाई उसको भित्ररहेका अशुद्ध आत्माहरूबाट ननिकालुञ्जेल उसलाई कसैले पनि नियन्त्रण गर्न सकेको थिएन। एक जना कुप्रिएकी महिलालाई पनि येशूले भेट्नुहुँदा शैतानको पासोबाट उनलाई छुटकारा दिनुभएको थियो (लूका १३:११,१२,१६)। लाजरसलाई चिहानबाट र उनलाई बाँधिएको कपडाहरूबाट येशूले फुट्काउनुभएको थियो (यूहन्ना ११:४३,४४)। अनि सिक्रिले बाँधिएको बरब्बा थियो जो येशूले गर्दा ऊ स्वतन्त्र हुन पुगेको थियो नत्र भने ऊ क्रुसमा टाँगिने थियो (मर्कूस १५:७-१५)। ती सबै विवरणहरूमा शैतानले मानिसहरूलाई अनेकन् दुःख कष्ट दिएर जेलमा हाल्न खोजेको थियो भने कतिपय अजान तथा निरपराधीहरूलाई बाँधेर जेलमा राखेका थिए ताकि दुष्ट कामहरूको फलिफाप होस्। शैतानको पासोमा परेका नैराश्य संसारका मानिसहरूलाई छुट्कारा दिन येशूले मृत्युको सिक्री फुट्काउनुभएको थियो। अनि अन्तमा शैतान आफै सिक्रिले बाँधिएर अन्धकारको खाल्डोमा फ्याँकिने भनेर भविष्यवाणी गरिएको छ (प्रकाश २०:१-३)।

शैतानले बाँधेका मानिसहरूलाई मात्र स्वतन्त्र गर्ने नभएर उहाँका अनुयायीहरूलाई पनि शैतानको त्यस चलखेलबाट मुक्त गर्न शक्ति सम्पन्न गराउनु येशूको लक्ष्य थियो। शैतान अर्थात् बलियो व्यक्तिलाई बाँधिने छ र उसको घरलाई लुट्नेछ भनेर येशूले कबूल गर्नुभएको थियो (मत्ती १२:२६-२९)। आफ्ना जनहरूलाई शैतानको पासोबाट उम्काइदिनुभएकोले उहाँ र उहाँका भक्तहरूमाथि कब्जा गर्न शैतानसँग शक्ति हुँदैन भन्ने त्यो अर्थ लाग्छ।

पावलले भनेका थिए परमेश्वरको वचनलाई सिक्रिले बाँधेर बाँधिन्न (२ कोरन्थी २:९ रूपान्तरित)। येशूलाई परिक्षा गरेको समयमा उहाँले शैतानको मुखलाई बन्द गर्नुभएको थियो (मत्ती ४:४,७,१०), त्यही शक्ति हामीले पनि प्रयोग गरेर शैतानसँग हामी पनि भिँड्न सक्छौं। जुनसुकै दुष्टताको सिक्रिले

तपाईंलाई बाँध्न खोजेतापनि त्यसबाट तपाईं स्वतन्त्र हुन परमेश्वरबाट के प्रतिज्ञा वा वाचा तपाईंले प्रयोग गर्न सक्नुहुन्छ?

## २. "किन" भन्ने प्रश्न (प्रकाश २०:४)

"पृथ्वी आकारबिनाको र शून्य थियो" भनेर पृथ्वीको बर्णन गर्दै उत्पत्तिको पुस्तक सुरू हुन्छ (उत्पत्ति १:१)। सातवटा महामारी र येशूको दोस्रो आगमन पछि नाश हुने पृथ्वीको अवस्था पनि यर्मियाले तिनै शब्दहरू प्रयोग गरे वर्णन गरेका थिए। "परमेश्वरको सम्मुख यस पृथ्वीको प्रत्येक शहर ध्वस्त भए" भनेर यर्मियाले लेख्दछन् (यर्मिया ४:२६ रूपान्तरित)। त्यस बखत कोही मानिस पनि यस पृथ्वीमा नभएको भनेर यर्मियाले वर्णन गर्दछन् (यर्मिया ४:२५)। त्यस अवस्थामा शैतानले कसैलाई पनि धोका दिन वा छल गर्न सक्दैन भनेर यूहन्नाले बयान गर्दछन् (प्रकाश २०:३)।

यस पृथ्वीमा येशूको दोस्रो आगमनपछिको नतिजा कस्तो हुनेछ भन्ने थाहा पाउन प्रकाशको पुस्तकको अध्याय २०मा भइरहेको घट्नाले जानकारी दिँदछ। प्रथमतः येशू आउन हुनेछ र उहाँले उहाँका भक्तहरूलाई स्वर्गमा लानुहुनेछ (यूहन्ना १४:१-३)। ती भक्तहरू जीवितै भएका र मृत्युबाट बौरि उठ्नेहरू हुनेछन् भनेर पावलले थप्दछन् (१ थेस्सोलोनिकी ४:१६,१७)। यूहन्नाले अर्को कुरो जोड्दछन्ः येशूको दोस्रो आगमनमा धर्मीहरू बोरि उठेर स्वर्गमा जान्छन् भने बाँकि मरेकाहरू एक हजारसम्मको निम्ति मरेका मर्‍यै हुनेछन् (प्रकाश २०:५)।

प्रकाश २०:४मा के वयान गरिएको छ?, हेर्नहोस् "४ तब मैले सिंहासनहरू र त्यसमाथि बस्नेहरूलाई देखें, जसलाई इन्साफ गर्ने अधिकार दिइएको थियो। तब येशूका गवाहीको निम्ति र परमेश्वरका वचनको निम्ति शिर काटिएकाहरू, र त्यो पशु र त्यसका मूर्तिको पूजा नगर्नेहरू र त्यसको छाप निधार वा हातमा नलगाउनेहरूका आत्माहरूलाई मैले देखें। तिनीहरू फेरि जीवित भए, र तिनीहरूले ख्रीष्टसँग एक हजार वर्षसम्म राज्य गरे।"

"इन्साफ गर्न अधिकार पाएका तिनीहरू" (रूपान्तरित)। अहिले जे थाहा छ त्यो भन्दा बेसी थाहा नपाइ तिनीहरूले कसरी न्याय गर्ने छन् त? दुष्टहरू सदाको निम्ति नाश हुनुभन्दा अगाधि मुक्ति पाएकाहरूले "किन" भन्ने प्रश्नका जवाफहरू पाउने अवसर मिल्नेछन्। मुक्ति गुमाउनेहरूले किन त्यो

गुमाउनेपर्‍यो भनेर अधर्मीहरूको इन्साफ गर्न पाउनेछन्। त्यो कस्तो गजबको र अचम्मलाग्दो अवसर रहेछ!

"ख्रीष्टसँग एक भएर मुक्ति पाएकाहरूले दुष्टहरूको न्याय गरिनेछ। तिनीहरूले दुष्टहरूको काम बाइबलसँग तुलना गर्नेछन्। शारीरिक अवस्थामा हुँदा गरेका कामको भरमा प्रत्येकको निर्णय गरिनेछ। अनि दुष्टहरूको प्रत्येक दुष्ट्याईंकै आधारमा तिनीहरूले सजायँ पाउनेछन्। अनि मृत्युको पुस्तकमा तिनीहरूको नाउँको लेखा राख्नेछन्।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६६१बाट रूपान्तरित।

त्यसबेला जब सबैको लेखा उघारिनेछ तब दुष्टहरूले परमेश्वरको प्रेम र दयाले भरिपूर्ण मधुर र सानो चेतावनीको आवाजलाई मुक्ति नपाएकाहरूले वेवास्ता गरेको हामीले थाहा पाइनेछौं। परमेश्वरले कतिपटक धैर्यतापूर्वक निरन्तररूपमा सम्झाउन खोज्दा पनि ती दुष्टहरू संसारकै मामिलामा डुब्न रुचाएको पाइनेछ। तिनीहरू अनन्त जीवनको राज्यमा बसोस् भनेर ठूलो मूल्य चुकाउनुभएको येशूलाई बिश्वास गर्ने अवसरलाई नगुमाओस् भनेर धैर्यतापूर्वक चुपचापसाथ पर्खनुहुने परमेश्वरको स्वभावलाई हामीले छर्लङ्ग देख्न सक्नेछौं। ती दुष्टहरू जीवनको सट्टा मृत्युलाई चुनेका थिए। परमेश्वरको मधुर आवाजलाई नसुन्न के तपाईंको जीवनमा कुनैले रोकिरहेको छ त? उहाँ अझसम्म धैर्यतासाथ तपाईंको निम्ति पर्खिरहनुभएको छ। त्यसकारण मृत्यु होइन जीवन रोज्नुहोस्।

१ कोरन्थी ४:५मा येशूको दोस्रो आगमनको बारेमा प्रतिज्ञा दिइएको छ। तपाईंको जीवनमा अनेकन् प्रश्नहरूको बाबजुद पनि त्यस प्रतिज्ञामा तपाईं कसरी अडिग भएर बस्न सक्नुहुन्छ? हेर्नुहोस् "५ यसकारण तोकिएको समयभन्दा अघि न्याय नगर, प्रभु आउञ्जेल पर्ख। उहाँले अँध्यारोमा लुकेका कुराहरूलाई प्रकाशमा ल्याउनुहुनेछ, र मानिसका हृदयका अभिप्रायहरू प्रकट गरिदिनुहुनेछ। तब हरेक मानिसले परमेश्वरबाट आफ्नो प्रशंसा पाउनेछ।"

## ३. अन्तिम इन्साफ (प्रकाश २०:७-१५)

बाइबलको समयमा इन्साफ गर्न दुई ठाउँहरू तोकिएका थिए: शहरको मुल द्वारमा र राजाको गद्दीको अगाडि। सबै सानातिना मुद्दाहरू पञ्च भलादमी अर्थात् एल्डर अगुवाहरूले छिनोफानो लगाउँथे। तर ठुला ठूला मुद्दाहरू राजाले हेर्दथे। उचित न्यायको निम्ति राजाको वचन निर्णायक अर्थात् अन्तिम हुन्थ्यो। त्यही अनुरुप बाइबलले परमेश्वरलाई जगतको राजाको गद्दिमा आसिन भएको

देखाइएको छ ताकि उहाँले अन्तिम निर्णयक न्याय सम्पन्न गर्नुहुनेछ (प्रकाश २०:११-१५)।

प्रकाश २०:७-१५ पढेर त्यहाँ भइरहेका महत्त्वपूर्ण घट्नाहरूलाई तपाईंले कसरी बुझ्नुहुन्छ? हेर्नुहोस्ः "७ एक हजार वर्ष बितेपछि शैतान त्यसको कैदबाट छोडिनेछ, ८ र पृथ्वीका चारै दिशामा भएका देश-देशका मानिसहरूलाई बहकाउन, अर्थात् गोग र मागोगलाई लड़ाइँको निम्ति भेला गर्न निस्केर आउनेछ। तिनका संख्या समुद्रका बालुवा जत्तिकै हुनेछ। ९ तिनीहरूले सारा पृथ्वीभरि गएर सन्तहरूका छाउनीको वरिपरि र प्रिय सहरलाई घेरे, तर स्वर्गबाट आगो बर्सेर तिनीहरूलाई भस्म पार्‍यो। १० तिनीहरूलाई बहकाउने त्यो दियाबलस आगो र गन्धकको कुण्डमा फालियो, जहाँ त्यो पशु र झूटो अगमवक्ता पनि थिए। त्यहाँ तिनीहरूले दिनरात सदासर्वदै यातना भोग्नेछन्। ११ तब मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि विराजमान हुनुहुनेलाई देखें। उहाँको सामुन्नेबाट पृथ्वी र आकाश भागेर गए, र तिनीहरूका निम्ति कतै ठाउँ पाइएन। १२ मैले ठूला र साना सबै मृतकहरूलाई सिंहासनको सामुन्ने उभिरहेका देखें, र पुस्तकहरू खोलिए। अर्को एउटा पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक हो। ती पुस्तकहरूमा लेखिएका कुरामुताबिक, तिनीहरूका कामअनुसार मृतकहरूको इन्साफ भयो। १३ समुद्रले त्यसमा भएका मृतकहरू दिइहाल्यो, अनि मृत्यु र पातालले पनि तिनीहरूमा भएका मृतकहरू दिइहाले। तिनीहरू प्रत्येकको आफ्नो-आफ्नो कामअनुसार इन्साफ भयो। १४ मृत्यु र पाताल अग्नि-कुण्डमा फालिए। यो अग्नि-कुण्ड दोस्रो मृत्यु हो। १५ जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्डमा फालियो।"

**प्रकाश २० अध्याय हजार वर्षको विवरणले भरिएको छ। अधर्मीहरूको न्याय त्यस अवधीभर भइरहनेछ। तर त्यो दृष्य त्यही होइन जुन् पद ४मा वर्णन गरिएकशो थियो। त्यस पदमा धेरै सिहाँसनहरू थिए भने पद ११मा केवल एउटामात्र सिहाँसन। यस न्याय हजारवर्षको सुरूमा हुने नभएर अन्त्यमा हुने भनिएको छ। त्यो दोस्रो पुनरुत्थानपछि हुनेछ (प्रकाश २०:५) र शैतानले मुक्ति नपाएकाहरूलाई जम्मा गरेर पवित्र शहरलाई घेरेपछि अन्तिम निर्णायक इन्साफ हुनेछ (प्रकाश २०:७-९)। त्यस घडिमा परमेश्वरको ठूलो सेतो सिहाँसन शहरमाथि देखा पर्नेछ। त्यस दृष्यमा यस संसारमा जन्मेका प्रत्येक मानवप्राणी देखिनेछः कोही शहरभित्र त कोही शहर बाहिर। त्यो त्यही**

समयलाई चित्रण गरिएको छ जब कतिपय धर्मात्मा भन्नेहरू शहर वा परमेश्वरको राज्यभित्र किन पस्न सकेन भनेर येशूले अर्तिकथामा भन्नुभएको थियो (मत्ती ७:२२,२३)। फेरि त्यो त्यही समय हुनेछ जब पावलले भनेका थिए "प्रत्येक घुँडा उहाँको अगाडि टेक्नेछन् चाहे ती स्वर्गमा भएका होस् वा पृथ्वी र पृथ्वी मुनीका जीवहरू र प्रत्येक जिब्रोले ख्रीष्ट प्रभु हुन् भनेर स्वीकार गर्नेछ (फिलिप्पी २:९-११ रूपान्तरित)।

त्यस न्यायको उद्देष्य परमेश्वरलाई थाहा नभएको कुरा उहाँलाई देखाउने होइन। यो किनभने परमेश्वरलाई सबै कुरो थाहा भैसकेकोहुन्छ। तर परमेश्वरले जुन् न्याय तथा इन्साफ गर्नुहुन्छ त्यो सही थियो भनेर प्रत्येकले महसुस गरुन् भनेर त्यो दृष्यको सृजना गरिएको थियो। प्रत्येक व्यक्ति र प्रत्येक स्वर्गदूतले यो भन्न सकुन् "हे परमेश्वर तपाईं न्यायी र सही हुनुहुन्छ। हे पवित्र प्रभु तपाईं नै को हुनुहुन्थ्यो र को हुनुभएको थियो सो तपाईंको न्यायले देखाउँछ।" (प्रकाश १६:५ रूपान्तरित)। मुक्ति पाएका र नपाएका सबै मानव जात र स्वर्गदूतहरूले परमेश्वरको इन्साफ र धार्मिकता वा धर्मी स्वभावको बारेमा थाहा पाउने छ।

आखिरमा यस नाटकको उद्देष्य नै मृत्यु र नरक (चिहान)को नाश गर्नु हो र जसको नाउँ जीवनको पुस्तकमा लेखिएको छैन (प्रकाश २०:१४,१५)। हामी माथि ती कुनैले पनि अधिकार जमाउन सक्ने छैन न त जमाउने कारण नै छ। यसै समयमा मुक्ति नपाइका अधर्मीहरू अनन्त सम्म कष्ट पाइरहनुको सट्टा यस समय सदाको निम्ति नाश हुनेछ। तिनीहरू सधैं जीवित भएर बस्ने छैन जसको ठीक उल्टो अनन्त जीवन हो।

## ४. नयाँ स्वर्ग र नयाँ पृथ्वी (प्रकाश २१:१,२, ९,१०)

पाप र विद्रोही प्रवृत्ति यस संसारमा अवान्छनीय वा अशोभनीय आगन्तुक हुन्। तिनीहरू यस संसारमा कहिलै पनि हुनु आवश्यक थिएन। तिनीहरूले असोचनीय क्षती पुऱ्याइरहेका छन्। येशूको दोस्रो आगमनमा त्यो क्षती हुनुको कारण समाप्त भइसकेको हुन्छ। अब सिद्ध नयाँ पृथ्वी र स्वर्गको पुन निर्माण तथा पुनरुद्धार गर्ने समय भएको हुन्छ। जब त्यो सम्पन्न हुन्छ तब ख्रीष्ट र शैतानको बीचमा भइरहेको को भन्दा को ठूलो भन्ने बिबादले ल्याएको अप्रिय वातावरण सदाको निम्ति अन्त्य हुनेछ।

उपरोक्त तथ्यलाई खुलासा गराउन परमेश्वरले यूहन्नालाई त्यसबारे दर्शन दिनुभएको थियो। उनले देखेका दर्शनमा के के महत्त्वपूर्ण बुँदाहरू समावेश भएका छन्? तिनीहरूको अर्थ के हो? हेर्नुहोस् देहायका पदहरू: प्रकाश २१:१,२,९,१० "१ तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त अब छँदैथिएन। २ अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें।... ९ तब ती सात अन्तिम विपत्तिले भरिएका सात कचौरा हुने सात स्वर्गदूतहरूमध्ये एक जना आएर मलाई यसो भने, "आऊ, म तिमीलाई थुमाकी पत्नी, उहाँकी दुलही देखाउनेछु।" १० तिनले मलाई पवित्र आत्मामा एउटा ठूलो र उच्च पर्वतमा लगे, र परमेश्वरबाट स्वर्गदेखि तलतिर झरिरहेको पवित्र सहर यरूशलेम मलाई देखाए।" र प्रकाश २२:१-३ "१ तब तिनले मलाई स्फटिकजस्तै चहकिलो जीवनका पानीको नदी देखाए। त्यो नदी परमेश्वरको र थुमाको सिंहासनबाट निस्की २ त्यस सहरका सड़कको बीचबाट बगिरहेको थियो। त्यस नदीका किनारमा जीवनको वृक्ष थियो, जसले हरेक महिना बाह्रै किसिमका फलहरू दिइरहन्थ्यो। त्यसका पातहरूचाहिँ जाति-जातिहरूलाई निको पार्नका निम्ति थिए। ३ अबदेखि उसो त्यहाँ कहिल्यै सराप हुनेछैन। परमेश्वर र थुमाको सिंहासन त्यहाँ हुनेछ, र उहाँका सेवहहरूले उहाँको आराधना गर्नेछन्।"

**जब यूहन्नाले नयाँ स्वर्ग र नयाँ पृथ्वीको बारेमा चर्चा गरेका थिए उनले पत्रुससँगै सहमत भएर बोलेका थिए, जसले भनेका थिए "पुरानो स्वर्ग ठूलो गर्जनसाथ बिलाएर जानेछ। त्यहाँ भएका यावत थोकहरू आगोले भष्म हुनेछ" (२ पत्रुस ३:१० रुपान्तरित)। हामीलाई थाहा छ यो पृथ्वी केवल मर्मत संभारमात्र गरेर पुग्दैन। यहाँ भएका यावत थोकहरू नष्ट हुनै पर्छ ताकि यहाँ पूर्ण रूपमा नयाँ जीवनको संभावना हुन्छ।**

**अब त्यस समय समुद्र पनि हुनेछैन भनेर यूहन्नाले खुलासा गर्दछन् (प्रकाश २१:१)। यो उनले पाटमोस भन्ने टापुबाट लेखेका थिए जहाँ समुद्रले गर्दा उनी भाग्न सकेका थिएनन्। उनलाई मार्न कोशिस गर्दा मार्न नसकेपछि अनकङ्टार टापुमा खुला कैदीको रूपमा एकलै छोडिएको थियो। त्यस टापुमा पुग्न अहिले पनि अत्याधुनिक डुङ्गामा घन्टौं लाग्छ जहाँ यूहन्नाले ती शब्दहरू**

लेखेका थिए। नयाँ पृथ्वीमा समुद्र हुनेछैन जहाँ मुक्ति पाएकाहरू आफ्ना मायालु जनहरूकहाँ स्वतन्त्र रूपमा पुग्न कुनै रोकतोक हुनेछैन।

नयाँ यरुशलेमको वर्णन रमणीय र अचम्मको देखिन्छ। बाइबलको समयमा भएका कुनै भव्य शहरलाई चित्रण गरेर यूहन्नाले लेखेका हुन् किनभने उनलाई त्यसबारेमामात्र ज्ञान थियो। तर प्रथम् शताब्दीका चित्रकारहरूले रोमी शहरको कलालाई चित्रण गरेर स्वर्गको शहरको अनुमान गरेर लेखेका चित्रहरू गलत छन्। त्यो शहर कुनै पनि मानिसले निर्माण गरेको भव्य शहरसँग तुलना गरिन्दैन किनभने नयाँ यरुशलेम शहरको निर्माणकर्ता परमेश्वर स्वयं हुनुहुन्छ (हिब्रू ११:१०)।

हामीहरूको दिमागले स्वर्गको शहरको बारेमा गरेको वर्णन बुझ्न पनि सक्दैनौं। यद्यपि, परमेश्वरले बनाइरहनुभएको हामीहरूको भविष्यको अनेकौं योजना कल्पना गर्दा त रमाइलो लाग्छ नै। तर त्यो अकल्पनीय छ भनेर हामीले स्वीकार गर्नुपर्छ। शहरको ठूलो आकार र नापले गर्दा त्यो शहर अत्यन्त ठूलो छ र त्यसमा प्रसस्त ठाउँहरू छन्। त्यहाँ सबैको निम्ति ठाउँ छ।

तपाईंको वरिपरि रहेका प्राकृतिक सौन्दर्यलाई हेर्नहोस्। पापले गर्दा कतिपय कुराहरू क्षतबिक्षत भएतापनि त्यस सौन्दर्यताबाट झल्किरहेको सुन्दर्ताले परमेश्वरको चरित्रको बारेमा के भन्छ? यहाँ देखेका कुराले हामीले देख्न बाँकि भएका कुरामा आशा गर्नुपर्दा परमेश्वरमाथि भरोसा राख्न प्रेरित हुन हामी कसरी सिक्ने?

## ५. आँशू हुनेछैन (प्रकाश २१:३-५)

प्रकाश २१:३-५मा आँशूहरू उल्लेख गरिएका छन्। त्यसको अर्थ के हो? हेर्नुहोस्: "३ सिंहासनबाट यसो भन्ने एउटा चर्को स्वर मैले सुनें, "हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। ४ उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।" ५ सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्नुभयो, "हेर, म सबै कुरा नयाँ तुल्याउँछु।" उहाँले यसो पनि भन्नुभयो, "यो लेख, यी कुराहरू भरपर्दा र सत्य छन्।"

रूनु भनेको के हो हामी सबैलाई थाहा भएकै कुरो हो। फेरि अरूहरूको आँशू पुछिदिनु भनेको के हो सो पनि हामीलाई थाहा छः (१) आमाले ममतासाथ आफ्नी बालकको आँशू पुछि दिन्छिन् (२) घनिष्ट मित्रले अर्को मित्रलाई सान्त्वना दिइरहने वा (३) दुःख, कष्ट वा पिडा भएको बेलामा आमाबाबुले छोराछोरीहरूलाई सम्झाइरहने। धेरै मानिसहरूले हामीहरूको अनुहारलाई छुन नदिने पनि हामीलाई थाहा छ। परमेश्वरले हामीहरूको अनुहारलाई छोएर हामीहरूको आँशूहरू पुछिदिनुको अर्थ हामीहरूको सृष्टिकर्ता हामीसँग धेरै नजिक हुनुहुन्छ।

बिना मृत्यु, बिना दुःखकष्ट, बिना बिलाप वा क्रन्दन भएको संसार हाम्रो निम्ति अकल्पनीय छ। पाप पस्रिएपछि दुःख, कष्ट, पिडा, पसिना, आँशू र मृत्यु यस जीवनको भागै भइसकेको छ (उत्पत्ति ३:१६-१९)। तर त्यसैबेलादेखि परमेश्वरले मानिसहरूहरूलाई यो कबूल गर्नुभएको थियो कि स्वर्गमा असफल र गुमिने कुरा हुँदैन। परमेश्वरले हामीलाई सानातिनासमेत कबूलहरूबाट एक दिन उहाँले उद्धार गर्नुहुनेछ र उहाँको उपस्थितिले हामी आशिष पाउनेछौं भनेर आश्वासन दिइएको छ।

उद्धारकर्ता आउने कबूल परमेश्वरले पहिले नै उत्पत्ति ३:१५मा दिइएको थियो, अनि उहाँको उपस्थिति मरुभूमिको यात्रामा पवित्र मन्दिरमा हुने कबूल गरेर, अनि परमेश्वरको वचन येशू हुनुभएर मानिसहरूको बीचमा रहनुभएर (यूहन्ना १:१४) र अन्तमा जगतको सिँहासन हामीहरूको बीचमा हुने प्रतिज्ञा गरिएको थियो (प्रकाश २१:३)।

परमेश्वरको उपस्थिति हामीहरूसँग हुने र हामीहरूको अवस्था परिवर्तित हुने प्रतिज्ञाहरू बाइबलमा धेरै दिइएका छन्। ती प्रतिज्ञाहरूमा "म तिनीहरूको परमेश्वर हुनेछु", "तिमीहरू मेरा प्रजा हुनेछौ," र "म तिमीहरूसँग रहनेछु र हिँड्नेछु"आदि छन्। तिनीहरूमा ज्वलन्त उदाहरण पावलले २ कोरन्थी ६:१६मा यसरी उल्लेख गर्दछन् " म तिनीहरूको परमेश्वर हुनेछु र तिनीहरू मेरा जनहरू हुनेछन्।"

परमेश्वर र उहाँका जनहरूको बीचमा भएको करार वा सम्झौता भङ्ग हुँदा भोगिनुपर्ने नतिजाला समाप्त गर्न येशू पहिलो पटक मानविय रूप धारण गरेर आउनुभएको थियो। त्यो तोडिएको सम्बन्धलाई अगमवक्ता यर्मियाले यसरी वर्णन गर्दछन्: "तिम्रो चोटको कारण तिमी किन रुँदछौ? तिम्रो पिडा निको हुनसक्दैन। तिम्रो दोष धेरै ठूलो छ। तिमीले धेरै पाप तथा अपराधहरू गरेका

छौ। त्यसैकारण तिमीमा यी सबै बिपत्तिहरू आउन दिएको छु।" (यर्मिया ३०:१५ रूपान्तरित)। प्रभु येशूलाई धन्यवाद होस्। अब उहाँले ती सबै इतिहासको पानामा छोड्नुभएको छ। प्रकाश २१:३ले संसारको इतिहासको अन्त्यको दृष्य बाइबलबाट हामीलाई दिइएको छ। हुनसक्छ स्वर्गको राज्यमा पस्न नसकेर नाश भएकाहरूको निम्ति हामी आँशू बगाउनुपर्ने होला। तर त्यो आँशू परमेश्वर आफैले हामीहरूको आँखाबाट पुछिदिनुहुनेछ। अनि दुःख, कष्ट, बिलाप आदि सदाको निम्ति बिलाएर जानेछन्।

माथिका पदहरूले जब हामी स्वर्गमा हुन्छौं तब हामी उहाँसँग कसरी नजिक हुनेछौं भनेर चित्रण गर्दछ। तर परमेश्वरसँग नजिकको सम्बन्ध राख्न हामी अहिले नै स्वर्गमा जानुपर्छ भन्ने छैन। अहिले पनि परमेश्वरसँग नजिक भएर कसरी हिंड्ने?

## उपसंहारः

थप जानकारीः हामीहरूले बुझेको अनुसार सहस्रवर्ष वा हजार वर्षको बारेमा सोच्नुहोस्। हामीलाई धेरै बिस्तृतरूपमा जानकारी दिइएको छैन। तर हामीलाई चाहिेनेमात्रामा थाहा दिइएको छ। प्रथमतः, अधर्मीहरूको अन्तिम नाश हुनुभन्दा पहिले सहस्रवर्षको सुरू हुन्छ। दोस्रोमा, संसारको अन्तमा नाश हुनुअघि मुक्ति पाएकाहरूमा भएका अनगिन्ति प्रश्नहरूको जवाफ पाउन परमेश्वरसँग समय बिताउनेछन्। तिनीहरू ती जवाफको निम्ति यति सक्रिय हुनेछन् कि तिनीहरू आफै पनि अधर्मीहरू किन अनन्त जीवन पाउन योग्य छैन भन्ने इन्साफमा भाग लिनेछन्। अझ तिनीहरू आफैले इन्साफ गरिरहेका हुन्छन्। पावलले भन्दछन् "के तिमीहरूलाई थाहा छैन र, सन्तहरूले संसारको इन्साफ गर्नेछन्?" (१ कोरन्थी ६:२ रूपान्तरित)। उनले यो पनि थप्दछन् "के तिमीहरूलाई थाहा छैन हामीहरूले स्वर्गदूतहरूको पनि इन्साफ गर्नेछौं?" (१ कोरन्थी ६:३ रूपान्तरित)। ती सन्तहरूलाई सहस्रवर्षमा इन्साफ गर्ने जिम्मेवारी दिएको छ भनेर हामीले यस अध्यायमा हेऱ्यौं (प्रकाश २०:४)। त्यसकारण ती दुई बुँदाहरूले एक महत्त्वपूर्ण सत्यलाई उघारेको छः सहस्रवर्ष पछि बाहेको अनन्त जीवन गुमाएका कुनैले पनि अन्तिम न्यायको फैसलाको सामना गर्नेछैन, जब सम्म मुक्ति पाएकाहरूले (१) दुष्ट तथा अधर्मीहरूले किन अनन्त जीवन पाएन भनेर थाहा हुँदैन र (२) र स्वयं मुक्ति पाएकाहरूले तिनीहरूलाई इन्साफ गर्ने समयमा भाग लिँदैननन्। परमेश्वरको चरित्र र उहाँको खुला

शासनको बारेमा त्यसले भन्छ सोच्नुहोस्। एक जना अधर्मी मात्र किन नहोस जब उसले अन्तिम अन्तको न्यायको सामना गर्छ तब त्यसबेला परमेश्वरका जनहरूले त्यो व्यक्तिले किन अनन्त जीवन गुमाउन बाध्य हुनुपऱ्यो भनेर जानकारी हुन्छ। त्यसबेला परमेश्वरको स्पष्ट न्याय र उचित फैसलाको सराहना सबैले गर्नेछन्। हो त्यो पिडादायी त हुन्छ नै। जब त्यसको न्यायको समयको अन्त हुन्छ तब हामी चिच्याउनेछौं, "५ तब पानीको जिम्मा लिने स्वर्गदूतले यसो भनिरहेका मैले सुनें, "तपाईं आफ्ना इन्साफमा न्यायी हुनुहुन्छ, तपाईं जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो, हे पवित्र परमेश्वर। किनभने यसरी नै तपाईंले इन्साफ गर्नुभएको छ।" (प्रकाश १६:५ रूपान्तरित)।

**चिन्तनमनन:**

अ. धेरै कठिन प्रश्नहरूको जवाफ हामीमा नभएतापनि ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बिबादको पृष्ठभूमिमा अहिले हामीहरूको वरिपरि भइरहेको दु:ख, कष्ट र मृत्युको नाचलाई हामीले कसरी राम्रोसँग बुझ्ने?

आ. यदि कसैले तपाईंलाई यो सोधे भने त्यसको जवाफ तपाईंले कसरी दिने "परमेश्वरसँग नजिक हुन र उहाँसँगसँगै हिंड्न म के गर्नुपर्छ?"

इ. स्वर्गको निम्ति अहिले नै तयारी हुनुपर्ने कुरालाई गहिरोसँग सोच्नुहोस्। त्यसको अर्थ के हो? सुसमाचारको परिप्रेक्ष्यमा त्यसलाई हामीले कसरी बुझ्ने?

ई.

तपाईंमा धेरै जिज्ञासाहरू होला। तिनीहरूमा केही के के होला? तिनीहरूको जवाफ तत्कालै तपाईंले नपाउला। तिनीहरूको जवाफ तपाईंले नपाएतापनि दु:खकष्टहरूको माझमा पनि परमेश्वरको भलाई र उहाँको धार्मिकतामाथि भरोसा राख्न तपाईंले कसरी सिक्ने?